# सहभागीमूलक प्रकोप व्यवस्थापन

## प्रशिक्षक-प्रशिक्षण पुस्तिका

नेपाल ग्रामीण पुनर्निर्माण संस्था
आर.आर.एन.

कारितास अष्ट्रिया

# सहभागीमूलक प्रकोप व्यवस्थापन
# प्रशिक्षक–प्रशिक्षण पुस्तिका

दोस्रो संस्करण : ५०० प्रति
प्रकाशन मिति : २०६४
सम्पादन : सोम राई
प्रकाशक : नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)
पो. ब. नं. ८१३०
लाजिम्पाट, काठमाडौं
फोन नं. ४४१५४१८/४४२२१५३
फ्याक्स : ४४१८२९६/४४४३४९४
इमेल : rrn@rrn.org.np
वेब : www.rrn.org.np

मूल्य रु. : १५०/-

# प्रकाशकीय

विश्वमा प्रकोपबाट सबभन्दा बढी क्षति र त्यसको प्रभावबाट हानी-नोक्सानी हुने क्षेत्र दक्षिण एसियामा नै बढी मानिसहरूको बसोबास रहेको छ । नेपाल सर्वाधिक प्रकोपको दृष्टिकोणबाट प्रभावित हुने मुलुकको एघारौं स्थानमा पर्दछ । नेपालको भू-भागको संरचना खासगरी कोमल तथा अति भिरालो प्रकृतिको छ । यहाँ गरिब, दलित, महिला, बालबालिका र शारीरिक अपाङ्ग भएका विभिन्न खालका प्रकोपबाट वर्षेनी यसको मारबाट प्रताडित भएको तथ्य सार्वजनिक भएको छ ।

नेपालको प्राकृतिक वा मानव सिर्जित प्रकोपबाट वर्षैपिच्छे र लगातार हुने जनधनको विनाशलाई कम गर्न र भिरालो अति जोखिम भू-भागलाई क्षति हुनबाट जोगाउन विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सामाजिक संघ संस्थाहरूले विपन्न वर्गसम्म प्रकोप उद्धार तथा व्यवस्थापन सम्बन्धी सेवा, सहयोग र सुविधाहरू पुऱ्याउँदै आइरहेका छन् ।

त्यस्तै प्रकोप उद्धार तथा व्यवस्थापनमा सेवामूलक अवसरहरू पुऱ्याउने सामाजिक संस्थामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) पनि एक हो । यस संस्थाले प्रकोपबाट प्रभावित हुनसक्ने, प्रभावित भइरहेको र भविष्यमा प्रभावित हुनसक्ने, सामाजिक संरचनाभित्र प्रकोप पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनको सहजीकरणको माध्यमबाट समुदायस्तरमा नै पूर्वतयारीको काम गर्ने मानवस्रोतको विकास र तयारी गर्ने उद्देश्यबाट समुदायमा आधारित प्रकोप व्यवस्थापन प्रशिक्षक-प्रशिक्षण पुस्तिका तयार गरेको छ ।

यस पुस्तिकामा समाजमा प्रकोपबाट प्रभावित हुनसक्ने साथै प्रभावित भइरहेका समूहबाट आफ्नो समाजको विविध नक्साङ्कनहरू तयार गरी प्रकोप पूर्वतयारी, न्यूनीकरण र उचित व्यवस्थापन गर्न सघाउ पुग्ने खालका विधि-उपाय तथा स्थानीय स्तरका तरिकाहरूको अवलम्बन गरिने सन्देशहरू समाविष्ट गरिएको छ ।

विकासको सुरुआतदेखि त्यसको दिगोपनालाई सँधैं बचाई राख्नका लागि स्थानीय स्तरका प्रविधिहरूलाई सहभागीमूलक तरिकाबाट राहत उद्धार प्रणालीमा एकरूपता र समानुपातिक वितरणको प्रक्रिया नै पूर्वतयारी न्यूनीकरण, सेवा, अवसर र पहुँचमा पछाडि पारिएका वर्गहरूको पक्षमा वकालत गर्ने जनशक्तिको उत्पादनमा यस पुस्तकले सहयोग पुऱ्याउने छ भन्ने हामीले आशा राखेका छौं ।

नेपालका विकट तथा विनाशको चपेटामा परेका समुदायमा अन्धविश्वास र रुढिवादी परम्परालाई बाध्यताको अवस्था बुझी स्थानीय स्तरमा नै घाइते तथा पीडित पक्षलाई मानसिक तथा शारीरिक सहायता, अनुकूल प्राथमिक उपचारका विधि र त्यसको उपायहरूको तरिका यस पुस्तकबाट प्रयोगात्मक रूपमा गर्न लगाइन्छ ।

विकास र विनाशको अन्तरसम्बन्धलाई अधिकारमुखी पद्धतिबाट अगाडि बढ्न प्रेरित गर्दै दया माया भन्दा पनि मानवअधिकार र नागरिकहरूको गास, बास र कपासको आधारकभूत आवश्यकताहरुलाई अधिकारमा जोड्न र उपभोग गर्न पाउने चेतनाको सन्देश फिजाउन यस पुस्तकले मद्दत गर्नेछ भन्ने हामीलाई लागेको छ ।

अन्तमा यो सहभागीमूलक प्रकोप न्यूनीकरण तथा व्यवस्थापन प्रशिक्षक-प्रशिक्षण पुस्तिका लेख्न सहयोग गर्नुहुने रामप्रसाद भट्टराईलाई धन्यवाद दिँदै यस क्षेत्रमा कार्यरत संघ/संस्था र व्यक्तिहरूले यसको प्रयोग गर्नुभइ भविष्यमा यस पुस्तिकालाई अझ सुधार गर्न सल्लाह दिनुहुन हामी विनम्र आग्रह गर्दछौं ।

धन्यवाद !

**रत्न कार्की**
कार्यक्रम व्यवस्थापक
**आर.आर.एन.**

# विषयसूची


| | | |
|---|---|---|
| प्रकाशकीय | : | ग |
| अध्याय एक | : तालिम र यसको महत्व | १ |
| अध्याय दुई | : तालिम विधिहरू | ८ |
| अध्याय तीन | : समुदायमा आधारित प्रकोप व्यवस्थापन | २५ |
| अध्याय चार | : प्रकोप न्यूनीकरण | ३२ |
| अध्याय पाँच | : प्रकोप पूर्वतयारी | ३९ |
| अध्याय छ | : उद्धार तथा राहत सेवा | ४१ |
| अध्याय सात | : स्वयंसेवकको भूमिका | ४४ |
| अध्याय आठ | : नेपालमा हुने प्रकोपहरू | ४६ |
| अध्याय नौ | : प्राथमिक उपचार | ५४ |
| अध्याय दस | : संकटाभिमुख | ६६ |